# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १६ अगस्त २०२५**

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- चर्चित शारदा चिटफन्ड घोटालाका मास्टरमाइन्ड सुदिप्ता सेन र उनकी सहयोगी देवयानी मुखर्जीलाई ठूलो राहत मिलेको छ।

- मङ्गपु अदालतमा ज्युडिसियल मजिस्ट्रेटद्वारा नेपाली भाषालाई "विदेशी भाषा" भन्दै प्रयोगमा रोक लगाएको आरोप सार्वजनिक भएपछि दार्जीलिङ लगायत वरीपरीका क्षेत्रमा असन्तुष्टि छाएको छ।

- भारतीय जनता पार्टीले आज राज्यपाललाई पश्चिम बंगाल संयुक्त प्रवेश परीक्षाको परिणामको प्रारम्भिक घोषणामा हस्तक्षेप गर्न आग्रह गरेको छ।

- नेपाली भाषा सङ्ग्राम अवधी दिएको योगदानको कदर गर्दै स्वर्गीय भाइचन्द प्रधान, विवेक केसर पाण्डे अनि जे बी राईलाई सम्मान जनाइने भएको छ।

- बंगालको खाडीमा बनेको गहिरो न्यून चापीय क्षेत्रको प्रभावका कारण आगामी केही दिन पश्चिम बंगालका धेरै भागहरूमा वर्षासंगै मेघगर्जन हुने सम्भावना छ।

**शारदा चिटफण्ड**

चर्चित शारदा चिटफन्ड घोटालाका मास्टरमाइन्ड सुदिप्ता सेन र उनकी सहयोगी देवयानी मुखर्जीलाई ठूलो राहत मिलेको छ। कोलकाताको बैंकशाल अदालतले आज २०१३ मा दर्ता भएको तीन मुद्दामा दुवैलाई निर्दोष घोषित गरेको छ। यी मुद्दाहरूमा उनीहरूमाथि लगभग १० देखि १५ लाख रुपैयाँ ठगी गरेको आरोप लगाइएको थियो। वास्तवमा, सन् २०१३ मा हरे स्ट्रिट पुलिस चौकीमा सुदिप्ता र देवयानी विरुद्ध तीन छुट्टाछुट्टै एफआईआर दर्ता गरिएको थियो। पछि, राज्य सरकारले पनि यी मुद्दाहरूलाई अगाडि बढाएको थियो। लामो सुनुवाइपछि, अदालतले दुवैलाई निर्दोष ठहर गरेको छ । यद्यपि, यो राहतपछि पनि, दुवैलाई जेलबाट रिहा गर्न अहिले सम्भव छैन। शारदा घोटालासँग सम्बन्धित २०० भन्दा बढी आपराधिक उजुरीहरू सुदिप्ता सेन र देवयानी मुखर्जी विरुद्ध विचाराधीन छन्। यस बाहेक, केन्द्रीय अनुसन्धान एजेन्सीहरू - प्रवर्तन निर्देशनालय (ED) र केन्द्रीय अनुसन्धान ब्यूरो (CBI) ले पनि उनीहरू विरुद्ध ठगी र मनी लान्ड्रिङका धेरै मुद्दाहरूको अनुसन्धान गरिरहेका छन्।

**नेपाली भाषा – आपत्ति**

मङ्गपु अदालतमा ज्युडिसियल मजिस्ट्रेटद्वारा नेपाली भाषालाई "विदेशी भाषा" भन्दै प्रयोगमा रोक लगाएको आरोप सार्वजनिक भएपछि दार्जीलिङ लगायत वरीपरीका क्षेत्रमा असन्तुष्टि छाएको छ। घटनाप्रति गोर्खा जनप्रतिनिधि, कानुनी संघसंस्था, र सामाजिक अभियन्ताहरूले कडा आपत्ति जनाउँदै संवैधानिक अधिकारको रक्षा र भाषिक गरिमाको संरक्षणको माग गरेका छन्। जीटीए प्रमुख अनित थापाले श्रम तथा कानुन मन्त्री मलय घटकलाई भेटी घटनाबारे जानकारी गराउँदै हस्तक्षेपको माग गरेका छन्। मन्त्री घटकले कोलकाता उच्च न्यायालयलाई पत्राचार गर्दै नेपाली भाषा संविधानको आठौं अनुसूचिमा समावेश भएको र दार्जीलिङ पहाडमा यसको आधिकारिक मान्यता रहेको स्मरण गराउँदै तुरुन्त समाधानको आग्रह गर्नु भएको छ । यसरी नै दार्जीलिङका सांसद राजु बिष्टले प्रेस विज्ञप्ति जारी गर्दै न्यायिक अधिकारीबाट नेपाली भाषाविरुद्ध गरिएको टिप्पणीलाई

"अज्ञानतापूर्ण र खतरनाक" भन्दै भर्त्सना जनाउनु भएको छ । उहाँले गोर्खा समुदायको ऐतिहासिक योगदान र भाषिक अधिकारको संवैधानिक मान्यताको पुनः स्मरण गराउनु भएको छ ।

***यसैबीच दार्जीलिङ्ग लगायत खरसाङ बार एसोसिएसनले पनि आज एकदिने कार्य बहिष्कारको घोषणा गर्दै न्यायिक मर्यादाविरुद्धको अभिव्यक्तिप्रति कडा विरोध जनाएको छ। खरसाङ बार अध्यक्ष एम.सी. प्रधानको अध्यक्षतामा बसेको आकस्मिक बैठकले यस्तो भाषिक भेदभावलाई सामाजिक विभाजनको कारक, समानताको उल्लंघन, र ऐतिहासिक उत्पीडनको निरन्तरता भएको बताउँदै शून्य सहनशीलताको नीति अपनाउन आग्रह गरेको छ। कालेबुङ बार एसोसिएसनले पनि घटनाप्रति कडा आपत्ति जनाउँदै भाषिक अधिकारको उल्लंघन भएको बताएको छ।***

**बङ्गाल – भाजपा जेईई परिणाम**

भारतीय जनता पार्टीले आज राज्यपाललाई पश्चिम बंगाल संयुक्त प्रवेश परीक्षाको परिणामको प्रारम्भिक घोषणामा हस्तक्षेप गर्न आग्रह गरेको छ। ओबीसी कोटा आरक्षणसँग सम्बन्धित विसंगतिहरूका कारण यस वर्षको राज्य जेईई परीक्षाको परिणाम हालसम्म घोषणा गरिएको छैन। यो मुद्दा न्यायिक प्रक्रियामा छ। राज्य सभाका विपक्षी नेता शुभेन्दु अधिकारीले राज्य सरकारले ७६ मुस्लिम समुदायलाई ओबीसी सूचीमा समावेश गर्न खोजेको आरोप लगाउनु भएको छ । उहाले भन्नु भयो, पश्चिम बंगाल संयुक्त प्रवेश परीक्षाको परिणाम घोषणा नगरिएको कारण धेरै विद्यार्थीहरू शैक्षिक संस्थाहरूमा भर्ना हुन सकिरहेका छैनन्, जबकि अन्य राज्यहरूमा कक्षाहरू सुरु भइसकेका छन्। उहाले पत्रकारहरूसंग कुराकानी गर्ने क्रममा यदि परिणाम घोषणा नगरिए भाजपाले अर्को हप्ता धर्ना दिने बताउनु भएको छ ।

**मौसम**

बंगालको खाडीमा बनेको गहिरो न्यून चापीय क्षेत्रको प्रभावका कारण आगामी केही दिन पश्चिम बंगालका धेरै भागहरूमा वर्षासंगै मेघगर्जन हुने सम्भावना छ। मौसम विभागले शुक्रबारसम्म कोलकाता सहित दक्षिण बंगालका धेरै जिल्लाहरूमा प्रतिघण्टा तीस देखि चालीस किलोमिटरको गतिमा हल्का देखि मध्यम वर्षा र तेज हावा चल्ने सम्भावना रहेको कारण यल्लो अलर्ट जारी गरेको छ। बिहीबार दक्षिण २४ परगनामा भारी वर्षा हुन सक्ने छ भने शुक्रबार पूर्वी बर्दवान, मुर्शिदाबाद, नादिया, उत्तर र दक्षिण २४ परगना र पूर्वी मेदिनीपुर जिल्लाहरूमा भारी वर्षा हुने सम्भावना छ। उत्तर बंगालमा मंगलबार दार्जिलिङ, जलपाईगडी, कालेबुंग, अलिपुरद्वार र कुचबिहारमा वर्षा र मेघगर्जन हुन् सक्ने अनुमान गरिएको छ। बुधबारदेखि उत्तर बंगालमा वर्षाको तीव्रता अझ बढ्ने अनुमान गरिएको छ।

**भाषा संग्रामी - सम्मान**

नेपाली भाषा सङ्ग्राम अवधी दिएको योगदानको कदर गर्दै स्वर्गीय भाइचन्द प्रधान, विवेक केसर पाण्डे अनि जे बी राईलाई सम्मान जनाइने भएको छ। सुचना तथा सांस्कृतिक विभाग जीटीए अनि भाषा मान्यता दिवस समारोह समितिको संयुक्त आयोजनामा आगामी २२ अगस्ट्को दिन आयोजना गरिएको कार्यक्रम अवधी सम्मान जनाइने भएको छ। आज समितिको पक्षमा भुवन खनाल अनि सभासद हेमन्त थुलुङले यस बारे जानकारी दिँदै सोही अवसरमा अन्तर विद्यालय कविता वाचन प्रतियोगिता पनि आयोजना गरिएको बताएका छन्।

**उत्तर बंगाल स्टेट ट्रांसपोर्ट एम्प्लाइज यूनियन**

उत्तर बंगाल स्टेट ट्रांसपोर्ट एम्प्लाइज यूनियन सिलगढी शाखाले कर्मचारीहरूको जायज मागलाई लिएर २१ अगस्टमा अनशनको आह्वान गरेको छ। उत्तर बंगाल स्टेट ट्रांसपोर्ट एम्प्लाइज यूनियन सदस्यहरूले आज पत्रकार सम्मेलन गरेर यो जानकारी दिएका छन्। कर्मचारीहरूले लामो समयदेखि आफ्नो बाकी तलब नपाएको युनियन सदस्यहरूको आरोप छ। जबकि रोजगारको अनिश्चितता र कर्मचारीहरूको संख्या घटाउने जस्ता समस्याहरूको समाधान नभएकोमा युनियन अत्यन्तै आक्रोशित छ। हाल सेवा केवल ४०० कर्मचारीहरूसँग सञ्चालन भइरहेको छ, जुन पर्याप्त छैन। सरकारको गैर जिम्मेवारीपन र निजीकरणको

बाटो पछयाउने प्रयासले यातायात मजदुरहरूको जीवन र जीविकोपार्जनलाई जोखिममा पारिरहेको छ। जसका कारण उत्तर बंगालको युवा पुस्ता पनि यातायात क्षेत्रमा रोजगारीको अवसरबाट वञ्चित भइरहेको उनीहरुले बताएका छन्।

**दुधे- दुष्कर्म**

खरसाङ खण्डको तराइ क्षेत्र अन्तर्गत दुधे, गाडीधुरा लगायत संलग्न क्षेत्रमा हाल बलात्कारका घटनाहरू बारम्बार भइरहेकोले स्थानीय सचेत नागरिकहरू चिन्तित बनिरहेका छन्। दुधे क्षेत्रमा पुनः अर्को एउटा दुष्कर्मको घटना भएको समाचार प्राप्त भएको छ। जानकारी अनुसार एक 15 वर्षीय नाबालिगमाथि दुधे निवासी एक व्यक्तिले बलात्कार गरेर भागेका छन्। यसबारे पिडित परिवारको पक्षमा उभिएका भागोप्रमो युवा शक्ति केन्द्रिय समिति उपाध्यक्ष अनुप गदालले पत्रकारहरूलाई जानकारी दिँदै आरोपी विरुद्ध गाडीधुरा थानामा एफआइआर दर्ता गरिएको बताउनु भएको छ। उहाले आरोपी हाल क्षेत्रबाट भागेको जनाउँदै यद्यपि तिनी जहाँ भागे पनि पुलिस प्रशासनले अवश्य नै पक्रेर ल्याउने औ न्यायालयले उचित दण्ड दिने कुरोमा विश्वास व्यक्त गर्नु भएको छ। उहाले यस घटनाको कडा शब्दमा विरोध जनाउदै यस्ता कुकृत्य गर्ने व्यक्तिलाई पुलिस प्रशासनले अतिशीघ्र पक्राउ गरेर कठोर सजाय दिनुपर्छ भन्ने माग पनि गरेका गर्नु भएको छ। स्मरण रहोस, गत केही दिन अघि पनि दुधेमा दुई वर्षीय नाबालिगमाथि पाँचजना युवकहरूले दुष्कर्म गरेको घटना प्रकाशमा आएको थियो भने त्यस घटनामा संलग्न सबै आरोपीहरू पक्राउ परिसकेका छन् भनी घटनाबारे आवश्यक जाँच चलिरहेको छ। त्यसअघि गाडीधुरामा पनि एक पाँच वर्षीय नाबालिगमाथि दुष्कर्म गरिएको घटना अघि आएको थियो।

**भागोप्रमो**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा अनि शहर समिति युवा शक्तिले संयुक्त रूपमा खरसाङ शहरका दोकानपाट, पसल, सरकारी गैर सरकारी संस्थाहरूमा आगमी 30 अगस्त 2025 सम्म अन्य भाषासँगै नेपाली भाषामा लेखिएको साईन बोर्ड लगाइ सक्नु पर्ने सूचना जारी गर्दै दोकानेहरूलाई जानकारी गराएका छन्। नेपाली भाषाले धेरै सङ्घर्ष गरेपछि आठौँ अनुसूचिमा मान्यता पाएपछि जीटीएले उक्त भाषालाई सम्मान जनाउँदै सारकारी, गैर सरकारी संघ संस्था, दोकानपाट, पसलहरूमा नेपाली भाषामा लेखिएको साईन बोर्ड अनिवार्य रूपले लगाउनु पर्ने अध्यादेश जारी गरेपछि जीटीए क्षेत्रका सम्पूर्ण सरकारी, गैर सरकारी संघ संस्थाहरूले राज्य सरकार अनि जीटीएको आदेशलाई पालना गरिदिने आह्वान गर्दै खरसाङ महकुमा समिति युवा शक्ति पेबेन्द्र गुरुङ अनि शहर समिति सभापति बन्दन लामाको नेतृत्वमा युवाहरूको एक टोलीले खरसाङ शहर परिक्रमा गरे। यस कार्यक्रममा टुङ्ग सन्तमेरिज समष्टि, सोनादा पच्चेङ समष्टि, पंखाबारी, अम्बटे लङ्भ्यू समष्टि, लाट सिटोङ्ग समष्टि, चिम्नी देवराली समष्टि अनि खरसाङ शहर समितिको युवा शक्ति सदस्य लगायत केन्द्रीय, महकुमाका प्रतिनिधिहरूको विशेष उपस्थिति रहेको थियो।

**नक्कली नोट पक्राउ**

पश्चिम बंगाल पुलिसले दुर्गा पूजा र दीपावली जस्ता चाडपर्वहरूमा देशको आर्थिक अवस्थालाई असर गर्ने योजनालाई विफल पारेको छ। सोमबार राति कोलकाता पुलिसको एसटीएफ र जंगीपुर जिल्लाको क्राइम कंट्रोल यूनिटको संयुक्त अभियानमा, फरक्का थाना पुलिसले दुई जनालाई पक्राउ गरेको छ जसबाट ५०० रुपियाँका ९ सय ९५ वटा नक्कली नोटहरू बरामद गरिएको छ। पुलिस स्रोत अनुसार पक्राउ परेका अभियुक्तहरू झारखण्डको साहेबगंज निवासी खलिफ शेख र कर्नाटकको बेंगलुरु निवासी मोहम्मद जाफरको रूपमा पहिचान गरिएको छ। दुवैलाई अआज १० दिनको पुलिस हिरासतमा राख्नको लागि निवेदनसहित अदालतमा पेश गरिएको थियो भने यसबारे जाच जारी छ।

**फोटोग्राफी डे**

फोकस कालेबुङ अनि दि कन्फ्लुएन्स कलेक्टीभ-को संयुक्त आयोजनामा वर्ल्ड फोटोग्राफी डे पालन गरिएको छ। सोही अवसरमा तेस्रो गणेशमणी प्रधान स्मृति फोटो कन्टेस्टको पुरस्कार प्रदान गरिएको थियो। कार्यक्रममा गणेशमणि प्रधानकी श्रीमती सङ्गिता प्रधान, छोरा महेन्द्रमणि प्रधान विशेष रुपमा उपस्थित रहेका थिए भने फोटो कन्टेस्टमा भास्कर छेत्री प्रथम, बिराट राई

दोस्रो अनि पेन्छेन दोर्जी तामाङ तेस्रो बनेका थिए। यस अतिरिक्त योग्य प्रधान, प्रणव दास अनि सुचिता प्रधानलाई विशेष पुरस्कार प्रदान गरिएको थियो।

**मौसम**

बंगालको खाडीमा बनेको गहिरो न्यून चापीय क्षेत्रको प्रभावका कारण आगामी केही दिन पश्चिम बंगालका धेरै भागहरूमा वर्षासंगै मेघगर्जन हुने सम्भावना छ।

****** ० ******